नेपाल सरकार

## ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

# कार्यक्षमता मूल्यांकनद्वारा हुने बढुवा सम्बन्धी सूचना

**(प्रकाशन मिति २०८१/०१/०७)**

लोकसेवा आयोगबाट मिति २०८०/१२/३० मा सहमति प्राप्त भए बमोजिम देहायका सेवा/समूह अन्तर्गत रिक्त रहेका पदहरुमा कार्यक्षमता मूल्यांकनद्वारा पदपुर्ति गर्नुपर्ने भएकोले वैकल्पिक ऊर्जा विकास समिति कर्मचारी सेवाशर्त नियमावली, २०६६ को परिच्छेद ७ बमोजिम ३० दिन भित्र केन्द्रमा फाराम बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | सेवा/समूह | पद संख्या |
|---|---|---|---|---|
| ४/०८०/८१ | नायब कार्यकारी निर्देशक | ११ | प्रशासन/प्राविधिक | १ |
| ५/०८०/८१ | बरिष्ठ अधिकृत | ८ | प्राविधिक/प्राविधिक | २ |
| ६/०८०/८१ | इन्जिनियर/प्राविधिक अधिकृत | ७ | प्राविधिक/प्राविधिक | १ |
| ७/०८०/८१ | लेखा अधिकृत | ६ | प्रशासन/लेखा | १ |
| ८/०८०/८१ | प्राविधिक अधिकृत | ६ | प्राविधिक/प्राविधिक | १ |

पुनश्च :

१. बढुवा फाराम केन्द्रको वेबसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

२. उम्मेदवारले बढुवा दरखास्त साथ हालको पदमा नियुक्त/बढुवा भएको पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, सेवाकालिन तालिमको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी स्वयं प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

३ दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ ।

४. समय नाघि आएका र रित पूर्वक प्राप्त नभएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

५. यो सूचना केन्द्रको वेबसाइटमा समेत हेर्न सकिनेछ ।

**पदपूर्ति समिति**

नेपाल सरकार
**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**मध्य बानेश्वर, फोन नं. ०१-४५९८०१३/१४**

# पदपूर्ति सम्बन्धी सूचना

**(प्रकाशन मिति २०८१/०१/०७)**

लोकसेवा आयोगबाट मिति २०८०/१२/३० मा सहमति प्राप्त भए बमोजिम देहायको सेवा/समूह अन्तर्गत रिक्त रहेका पदमा खुला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले निम्नानुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यस केन्द्रको दरखास्त फाराममा भएको विवरण भरी आफुले प्राप्त गरेको नागरिकता तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी उम्मेदवार स्वंयले प्रमाणित गरी हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति फारमको निर्दिष्ट स्थानमा टाँसी विज्ञापन प्रकाशन मितिले २१ दिन भित्र र थप ७ दिन भित्र दोब्बर दस्तुर बुझाई दरखास्त दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पदको नाम | तह | सेवा/समूह | समावेशी/ खुला | पद संख्या | परीक्षाको दस्तुर | परीक्षाको किसिम | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १/ ०८०/८१ | इन्जिनियर/ प्राविधिक अधिकृत | ७ | प्राविधिक/ प्राविधिक | खुला | १ (एक) | ६००/- | लिखित/ अन्तर्वार्ता | मान्यता प्राप्त शिक्षण संस्थावाट वातावरण इन्जिनियरिङ्ग वा सिभिल इन्जिनियरिङ्ग वा मेकानिकल इन्जिनियरिङ्ग वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक्स तथा कम्यूनिकेशन इन्जिनियरिङ्ग वा कृषि इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| २/ ०८०/८१ | वरिष्ठ लेखा सहायक | ५ | प्रशासन/ लेखा | खुला | १ (एक) | ४००/- | लिखित/ प्रयोगात्मक र अन्तर्वार्ता | मान्यता प्राप्त शिक्षण संस्थावाट व्यवस्थापन विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको । |
| ३/ ०८०/८१ | सब इन्जिनियर | ५ | प्राविधिक/ प्राविधिक | महिला | १ (एक) | ४००/- | लिखित/ अन्तर्वार्ता | मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग वा मेकानिकल इन्जिनियरिङ्ग वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिकस तथा कम्युनिकेशन इन्जिनियरिङ्ग वा कृषि इन्जिनियरिङ्ग विषयमा कम्तीमा प्रमाणपत्र तह वा डिप्लोमा वा सो सरह उत्तीर्ण गरेको । |

**विज्ञापन सम्बन्धी विशेष सूचना**

सम्मानित सर्वोच्च अदालतबाट रिट नं.०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ ।

द्रष्टव्य :

१. परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी वा नेपाली र अंग्रेजी दुबै हुनेछ ।
२. लिखित परिक्षाबाट छनौट भएका उम्मेदवारहरु मात्र प्रयोगात्मक र अन्तर्वार्तामा सम्मिलित हुन पाउनेछन ।
३. उम्मेदवारहरुको उमेर १८ वर्ष पुरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
४. दरखास्त साथ शैक्षिक योग्यताका प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नु पर्नेछ । समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताका हकमा समकक्षता निर्धारण गरिएको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्दछ ।
५. परीक्षा दस्तुर राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको कार्यालय कोड नं. ३०८००३५०२ को राजश्व शिर्षक नं. १४२२४ मा जम्मा गरी सक्कल भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ ।
६. दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ ।
७. रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।
८. तलब भत्ता र अन्य सुबिधा केन्द्रको नियमानुसार हुनेछ ।
९. परीक्षा कार्यक्रम लोकसेवा आयोगले तोके बमोजिम हुनेछ ।
१०. दरखास्त फाराम तथा पाठ्यक्रम केन्द्रको वेबसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
११. यो सूचना केन्द्रको वेबसाइटमा समेत हेर्न सकिनेछ ।
१२. अन्य थप जानकारीको लागि केन्द्रको कार्यालय भवन मध्य बानेश्वरमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**पदपूर्ति समिति**

नेपाल सरकार

## ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

# हलुका सवारी चालक पदमा सेवा समूह परिवर्तन अन्तर्गत पदपूर्ति सम्बन्धी सूचना

**(प्रकाशन मिति २०८१/०१/०७)**

लोकसेवा आयोगबाट मिति २०८०/१२/३० मा सहमति प्राप्त भए बमोजिम हलुका सवारी चालक अनुमति पत्र लिई सवारी साधन चलाई रहेका स्थायी रुपमा कार्यरत कार्यालय सहयोगी (श्रेणी विहिन) पदका कर्मचारीहरुका लागि हलुका सवारी चालक पदमा सेवा/समूह परिवर्तन गर्न वैकल्पिक ऊर्जा विकास समिति कर्मचारी सेवाशर्त नियमावली, २०६६ को नियम ११३ बमोजिम दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र र थप ७ दिन भित्र दोब्बर दस्तुर बुझाई केन्द्रमा दरखास्त दिनु पर्नेछ।

| विज्ञापन नं. | पदको नाम | तह | सेवा/समूह | समावेशी/खुला | पद संख्या | परीक्षाको दस्तुर | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| ९/०८०/८१ | हलुका सवारी चालक | श्रेणी विहिन | प्रशासन/प्रशासन | खुला | १ (एक) | ४००/- | लिखित/प्रयोगात्मक/अन्तर्वार्ता |

द्रष्टव्य :

१. परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी वा नेपाली र अंग्रेजी दुबै हुनेछ।
२. लिखित परिक्षाबाट छनौट भएका उम्मेदवारहरु मात्र प्रयोगात्मक र अन्तर्वार्तामा सम्मिलित हुन पाउनेछन्।
३. श्रेणी विहिन पदमा कम्तिमा पाँच बर्ष स्थायी सेवा गरेको हुनु पर्नेछ।
४. दरखास्त साथ शैक्षिक योग्यताका प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र, हलुका सवारी चालक अनुमति पत्र र सवारी साधन चलाएको जिम्मेवारी पत्रको प्रतिलिपी संलग्न गर्नु पर्नेछ।
५. परीक्षा दस्तुर राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको कार्यालय कोड नं. ३०८००३५०२ को राजश्व शिर्षक नं. १४२२४ मा जम्मा गरी सक्कल भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ।
६. दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ।
७. तलब भत्ता र अन्य सुबिधा केन्द्रको नियमानुसार हुनेछ।
८. परीक्षा कार्यक्रम लोकसेवा आयोगले तोके बमोजिम हुनेछन।
९. दरखास्त फाराम तथा पाठ्यक्रम केन्द्रको वेबसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ।
१०. यो सूचना केन्द्रको वेबसाइटमा समेत हेर्न सकिनेछ।
११. अन्य थप जानकारीको लागि केन्द्रको कार्यालय भवन मध्य बानेश्वरमा सम्पर्क राखी बुझ्न सकिनेछ।

**पदपूर्ति समिति**